दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक ४६ | बुटवल | २०८२ माघ २६ गते, सोमबार | नेपाल संवत ११४६ | Monday February 09, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

# वडामै स्वास्थ्य सेवा केन्द्र, तर सामान्य उपचार गर्न धाउँछन् अस्पताल

**रविन्द्र प्रताप गुप्ता**

*भैरहवा*



नेपालको संविधान २०७२ ले स्वास्थ्य सेवालाई मौलिक हकअन्तर्गत समावेश गरेको छ । संघ, प्रदेश र स्थानीय सरकारमार्फत् स्वास्थ्य सेवाको पहुँच विस्तार गर्ने नीति अघि बढाइएको छ । यही नीतिअनुरूप रुपन्देहीको सिद्धार्थनगर नगरपालिकाको वडास्तरमा पनि आधारभूत स्वास्थ्य सेवा केन्द्रहरू स्थापना गरिएको छ । नागरिकलाई सामान्य उपचार, खोप, मातृ तथा शिशु स्वास्थ्य, परिवार नियोजनलगायतका सेवा घरदैलो नजिकै उपलब्ध गराउने उद्देश्यले यी सेवा केन्द्रहरु स्थापना गरिएको हो । तर, यी स्वास्थ्य केन्द्रहरुमा भने अपेक्षित रुपमा सेवाग्राहीले सेवा लिएका छैनन् ।

वडा तहमा आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालनमा रहेकै अवस्थामा पनि भैरहवास्थित जिल्ला अस्पताल (भीम अस्पताल) लगायत यहाँका निजी क्लिनिक तथा ठूला अस्पतालहरूमा बिरामीको भिड घट्न सकेको छैन । त्यसको साटो दैनिक सयौं बिरामी उपचारका लागि भीम अस्पताल लगायत यहाँका ठूला अस्पताल र क्लिनिकहरुमै पुग्ने गरेका छन् । सरकारी अस्पतालमा पनि सीमित जनशक्ति र स्रोतसाधन हुँदा यहाँ बिरामीको चाप बढ्नेबित्तिकै निश्चिय पनि चुनौती थपिन्छ ।

१३ वटा वडाहरु रहेको सिद्धार्थनगर नगरपालिकामा हाल ९ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालनमा छन् । वडा नम्बर १, ३, ४, ५, ६, ७, ९, १० र ११ मा रहेका केन्द्रहरुबाट सेवा दिइँदै आएको छ । वडा नम्बर २, ८, १२ र १३ मा अझै स्वास्थ्य केन्द्र स्थापना हुन सकेका छैनन् । सञ्चालनमा रहेका ती केन्द्रबाट दैनिक औसत १५ देखि १८ जनासम्म सेवाग्राहीले सेवा लिँदै आएका छन् ।

सिद्धार्थनगर नगरपालिकाको जनस्वास्थ्य प्रवर्द्धन शाखा प्रमुख माधवप्रसाद ज्ञवालीका अनुसार आधारभूत स्वास्थ्य केन्द्रमार्फत् रोकथाममूलक, प्रवर्द्धनात्मक र उपचारात्मक सेवा निःशुल्क प्रदान गरिँदै आएको छ । परिवार नियोजन, खोप, क्षयरोग, कुष्ठरोग, मलेरिया, पोषण, सुरक्षित मातृत्व, स्वास्थ्य शिक्षा तथा सामान्य उपचार सेवा यी केन्द्रका मुख्य कार्यक्रम हुन् ।

हरेक स्वास्थ्य केन्द्रमा सामान्यतया दुईजना प्राविधिक कर्मचारी (अहेब र अनमी) र एकजना कार्यालय सहयोगी गरी तीनजनाले सेवा दिइरहेका छन् । यद्यपी वडा नम्बर ५ मा भने अनमी र कार्यालय सहयोगी गरी दुईजनाले मात्र सेवा दिइरहेका छन् । ती सबै कर्मचारी अस्थायी करार दरबन्दीमा कार्यरत छन् । सार्वजनिक बिदाबाहेक बिहान १० बजेदेखि साँझ ४-५ बजेसम्म यहाँबाट सेवा प्रदान हुँदै आएको छ ।

नगरपालिकाले समुदायस्तरमै स्वास्थ्य सचेतना बढाउने उद्देश्यले आमा समूह, विद्यालय र समुदायमा स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गर्दै आएको छ । प्रत्येक महिनाको ११ वा १२ गते नियमित खोप सेवा प्रदान हुँदै आएको छ । त्यस्तै परिवार नियोजन, क्षयरोग, कुष्ठरोग तथा सामान्य चिकित्सा सेवा दैनिकरूपमा उपलब्ध छ । मलेरिया रोगको शंका देखिएमा घरमै पुगेर सेवा दिने, समुदायलाई सचेत बनाउने कार्यक्रमसमेत सञ्चालनमा छ ।

रक्तचाप परीक्षण, शरीरको तौल नाप्नेलगायत सामान्य उपचारका लागि अस्पताल जान नपर्ने अस्पतालसम्म पुग्न नपर्ने स्वास्थ्य प्रवर्द्धन शाखा प्रमुख ज्ञवालीले बताए । सामान्य उपचार सेवाका लागि नजिकको स्वास्थ्य केन्द्रमा पुग्न उनले आग्रह गरे । 'वडास्तरमै पुगेर सामान्य उपचार सेवा लिन सकिए अस्पतालहरुमा बिरामीको चाप पनि घट्छ ।'-उनले भने ।

पोषण कार्यक्रमअन्तर्गत ५ वर्षमुनीका बालबालिकालाई भिटामिन 'ए' तथा जुकाको औषधि वितरण, घरघरमा पुगेर तौल जाँच, (स्क्रिनिङ) अभियान सञ्चालन भइरहेको छ । सुरक्षित मातृत्व कार्यक्रमअन्तर्गत गर्भवती जाँच, सुत्केरीपछि तेस्रो दिन र ७ देखि १४ दिनभित्र थप एकपटक गरी जम्मा दुईपटक घरमै पुगेर आमा तथा नवजात शिशुको स्वास्थ्य परीक्षण गरिँदै आएको छ । ज्वरो, रुघाखोकी, पखाला, प्रेसर जाँच, घाउचोट, दाँत दुख्ने, मुख सुन्निने जस्ता सामान्य उपचार सेवा पनि केन्द्रबाटै दिइन्छ ।

स्वास्थ्य केन्द्रमा हाल ८९ किसिमका औषधि सूचीमा रहे पनि खोप, क्षयरोग, कुष्ठरोग, मलेरिया र परिवार नियोजनबाहेकका ५१ किसिमका औषधि उपलब्ध छन् ।

सिद्धार्थनगरका अधिकांश वडा बजार क्षेत्रमै पर्छन् । जिल्ला सदरमुकाम भएकाले यहाँ जिल्ला अस्पताल, निजी अस्पताल तथा क्लिनिकहरूको संख्या पनि उल्लेख्य छ । विशेषज्ञ सेवा लिनुपरे सरकारी भन्दा केही खर्चिलो भए पनि ठूला अस्पतालमै जाने प्रवृत्ति छ । सरकारी स्वास्थ्य केन्द्रप्रति विश्वासको कमी र 'ठूलो अस्पतालमै राम्रो उपचार हुन्छ' भन्ने मानसिकता पनि स्वास्थ्य केन्द्र उपयोग नबढ्नुको प्रमुख कारण मानिन्छ । तथ्यांकले पनि यो कुराको पुष्टी गर्छ । नगर स्वास्थ्य प्रणालीमा डाटा इन्ट्री भएका आधारभूत स्वास्थ्य केन्द्र, जिल्ला अस्पताल र नगरभित्र सञ्चालित करिब ४० वटा अस्पतालबाट गत आर्थिक वर्ष २०८१/०८२ मा कूल ४ लाख ८२ हजार ८ सय ८९ जनाले स्वास्थ्य सेवा लिएका छन् । तर, तीमध्ये नगरपालिकाले सञ्चालन गरेका आधारभूत स्वास्थ्य केन्द्रबाट सेवा लिनेको संख्या २१ हजार ६ सय ९६ मात्र छ ।

स्थानीय तहले स्वास्थ्य सेवा पहुँच विस्तारमा लगानी बढाए पनि सेवा उपयोग र विश्वास अभिवृद्धि नहुँदा ठूला अस्पतालमा बिरामीको भीड यथावत् देखिन्छ । स्वास्थ्य केन्द्रको सेवा गुणस्तर, जनशक्ति, औषधि उपलब्धता र जनविश्वास एकैसाथ सुधार नगरेसम्म 'घर नजिकै उपचार' को अवधारणा व्यवहारमा पूर्णरूपमा लागू हुन कठिन देखिन्छ ।

भीम अस्पतालमा दैनिक पाँच सय जनासम्म बिरामीले ओपिडी सेवा लिने गरेको अस्पताल प्रमुख डा. वर्षा थापाले जानकारी दिए । अस्पतालका अनुसार गत आर्थिक वर्ष २०८१/०८२ मा यहाँबाट १ लाख २० हजारभन्दा बढीले बहिरंग (ओपीडी) सेवा लिएका थिए । त्यस्तै आ.व. २०८०/८१ मा १ लाख १२ हजार ८ सय ४५, आ.व. २०७९/०८० मा मा ९० हजार र आ.व. २०७८/२०७९ मा ६३ हजारले ओपीडी सेवा लिएका थिए ।

विगत ४ वर्षको तथ्यांकले सेवाग्राहीको संख्या क्रमशः बढेको देखिन्छ । यसले प्राथमिक तहको सेवा विस्तार भए पनि अस्पतालको भार घट्न नसकेको स्पष्ट हुन्छ । यहाँका ठूला अस्पतालहरुमा युनिभर्सल कलेज अफ मेडिकल साइन्सेज र सिद्धार्थनगर सिटी हस्पिटलमा पनि बिरामीको चाप नै छ । भीम अस्पतालमा आ.व. २०७७/०७८ सालदेखि स्वास्थ्य बीमा सुरुवात गरिएको थियो ।

स्वास्थ्य बिमा, विशेषज्ञ सेवा, २४ सैं घण्टा सेवालगायतका कारण पनि अस्पतालमा सेवाग्राहीको घुँइचो हुने गरेको अस्पतालले जनाएको छ ।

सामान्य स्वास्थ्य उपचारका लागि पनि अस्पतालमै जानबाट रोक्नका लागि वडास्थित आधारभूत स्वास्थ्य केन्द्रहरुमा पाइने सेवाहरुको बारेमा नागरिकलाई सूचना पुऱ्याउनुपर्ने र सरकारी अस्पतालमा विश्वास दिलाउनका लागि सम्बन्धित निकायले बुझाउन सक्नुपर्ने अस्पताल प्रमुख डा. थापाको भनाइ छ । 'यसो गर्न सके सामान्य उपचारकै लागि भीम अस्पतालमा आउने बिरामीले स्थानीय स्वास्थ्य केन्द्रबाट उपचार लिने अवस्था सिर्जना हुने र अस्पतालमा भीड घट्ने थियो ।'-उनले भने ।

अस्पतालमा र स्वास्थ्य केन्द्रमा के का लागि जाने भन्ने सूचना सम्प्रेषण गर्न सके सेवाग्राही र सेवा प्रदायक संस्था दुवैलाई सहज हुने डा. थापाको भनाइ छ ।

सिद्धार्थनगर सिटी हस्पिटल प्रा.लि.मा दैनिक १ सयजनाले ओपिडी सेवा लिने गरेको प्रबन्ध निर्देशक अर्जुन पौडेलले जानकारी दिए । उनका अनुसार सामान्य किसिमका बिरामीभन्दा पनि विशेषज्ञ सेवा लिनका लागि बिरामी यहाँ आउने गरेका छन् । जनमानसमा अझै पनि स्वास्थ्यको विषयमा अस्पतालमै जाऔं र विशेषज्ञ सेवा लिऔं भन्ने धारणाले बिरामीहरु आएको बुझिन्छ ।

» *बाँकी ३ पेजमा*

## देउवा चुनावी सभामा सहभागी नहुने



बुटवल । नेपाली कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवा कुनै पनि चुनावी सभामा सहभागी नहुने भएका छन् ।

उनको सचिवालयले देउवा कुनै पनि चुनावी सभामा जाने कार्यक्रम नरहेको जानकारी गराएको छ ।

केही सञ्चारमाध्यममा देउवा चुनावी अभियानमा निस्कने भन्ने समाचार आएपछि देउवाको सचिवालयले त्यस्तो कुनै कार्यक्रम नरहेको बताएको हो ।

'चुनावीसभा वा अन्य कुनै पनि कार्यक्रममा जाने तयारी छैन ।'-देउवाको सचिवालयले भनेको छ ।

गत पुस अन्तिम साता भएको विशेष महाधिवेशनबाट कांग्रेसले नेतृत्व फेरेको छ । त्यसयता देउवा पार्टी गतिविधिमा संलग्न छैनन् ।

## रेशमको उम्मेदवारी खारेज हुने



बुटवल । नागरिक उन्मुक्ति पार्टी, नेपालका संरक्षक रेशम चौधरी कैलाली क्षेत्र नम्बर १ बाट उम्मेदवार हुन नपाउने भएका छन् ।

उनले दायर गरेको रिट निवेदनमाथि आइतबार सुनवाइपछि सर्वोच्च अदालतले उनको पक्षमा अन्तरिम आदेश जारी गर्न अस्वीकार गरेको हो ।

कैलाली-१ का निर्वाचन अधिकृतको निर्णयविरुद्ध उनी सर्वोच्च अदालत गएका थिए ।

सर्वोच्चले निर्वाचन अधिकृतको निर्णय यथावत् राखेको हो ।

कैलाली-१ का निर्वाचन अधिकृतले उनको उम्मेदवारी खारेज गर्ने निर्णय गरेका थिए ।

# रूपन्देहीमा परेको बजेटमा सरकारको कैंची : पौडेल



बुटवल । पूर्व अर्थमन्त्री तथा नेकपा एमाले रुपन्देही क्षेत्र नं. २ का उम्मेदवार विष्णुप्रसाद पौडेलले चालु आर्थिक वर्षमा छुट्टाएका अधिकांश योजनाका बजेट अहिलेको सरकारले कटौती गरेको जनाएका छन् । बजेट कटौतीका कारण ती आयोजनाहरु स्थगित भएको भन्दै उनले बजेट नरोक्न वर्तमान सरकारलाई सुझाव दिए पनि ध्यान नदिएको बताएका छन् । ।

'एकातर्फ पुँजीगत खर्च भएन भन्ने र अर्कोतर्फ विकासका आयोजनाहरुको बजेट रोक्ने काम भएको छ ।'-उनले भने । आइतबार बुटवल उप-महानगरपालिका वडा नं. ६ को चन्द्रनगर कमिटीको भेटघाट कार्यक्रममा बोल्दै उनले विकासमा गति लिएको रुपन्देहीका सबै योजनाहरु अघि बढ्ने बताए ।

बजेट निर्माणका समयमा अर्थमन्त्री रहेका पौडेलले यस क्षेत्रमा ठूलो बजेट खन्याएको भन्दै अरु जिल्लामा आलोचना भएको थियो । तर त्यसरी छुट्टाइएको बजेट नै कटौती भएपछि उनले अहिलेको सरकार तथा मन्त्रीहरुलाई प्रश्न उठाएका हुन् । नेता पौडेलले नीतिगत रुपमा नै ढोका खोल्ने क्रम रहेकोले अहिले काटिएका योजना एमाले नेतृत्वमा पुगेपछि पुनः जोडिने जनाएका थिए । कार्यक्रममा स्थानीय अगुवा तथा नेता कृष्ण पोखरेलले वडामा रोकिएको खानेपानीको आयोजना, कवर्ड हल, सुखौरा खोला व्यवस्थापनजस्ता कामलाई अघि बढाउन आग्रह गरे । खेलकुदको हब, श्रवणपथको बाटो व्यवस्थापनसँगै गुल्जार बनाउने योजनालाई अघि बढाउनुपर्ने उनले बताए ।

०६४ देखि यस क्षेत्रमा निरन्तर निर्वाचन जितिरहेका पौडेलले यसपटकको निर्वाचन तुलनात्मक रुपमा सजिलो भएको जनाएका छन् । धेरै अप्ठ्यारो र धेरै सजिलो निर्वाचन लडेको स्मरण गर्दै उनले विगतका तुलनामा यसपटक धेरै सहज रहेको बताएका हुन् । '०६४ मा सबैतिर माओवादीको लहर आएको थियो, ०७० मा प्रधानमन्त्री बनेका नेता डा. बाबुराम भट्टराई लड्न आउनुभएको थियो, ०७४ मा केही सहज थियो, ०७९ मा एमालेविरुद्ध कति धेरै दलको मोर्चाबन्दी थियो, एमालेबाट पनि एक समूह निस्केर त्यतै लागेको थियो, ती अवस्थामा यहाँका मतदाताले साथ दिनुभएको हो, यसपटक त तुलनात्मक रुपमा सजिलो महशुस गरेको छु ।'-उनले भने ।

शनिबारसम्म २२ वटा वडाका कार्यालयको उद्घाटन, वडा परिचालन कमिटीको बैठक, त्यहाँका अगुवा, जनसमुदाय, अन्य पार्टीहरुसँगको भेटघाटको आधारमा हेर्दा चुनाव जित्नेभन्दा कति फराकिलो मतान्तरले जित बनाउने भन्ने रहेको उनले जनाए । 'तर पनि गारो नभएको भन्दैमा आराम वा विश्राम गर्दैनौ ।'- उनले भने । प्रचार, परिचालनको कामलाई निरन्तरता दिन कार्यकर्तालाई उनले आग्रह गरे । 'हामीले काम गरेका छौं । हामीले काम गर्छौं । हामी कर्तव्यका रुपमा सेवक बनेर जनताका सरोकारका रुपमा काम गर्छौं ।'-भन्ने सन्देश घरघरमा पुगेर मतदाताहरुलाई दिनसमेत उनले आग्रह गरे ।

यसैगरी उनले विकास आयोजनाहरु नरोकिने भन्दै अत्यावश्यक सेवामा पर्ने सबैजसो विकासका आयोजनाहरुको बजेट निकासा गर्ने प्रतिबद्धता गरेको उनले बताए । यसैगरी बमघाटमा सत्यवचनका प्रतिनिधिसँग भेटघाट कार्यक्रममार्फत् नेता पौडेलले उनीहरुका गुनासो सुन्ने काम गरेका छन् । कार्यक्रमका संयोजन घनश्याम चापागाईंले बमघाट क्षेत्रको समस्या र समाधानमा भएका ढिलाइबारे जानकारी गराएका थिए । आइतबार नै वडा नं. ९ को निर्वाचन परिचालन कमिटीको कार्यालय उद्घाटन भएको छ ।

पौडेलले भेटघाटसँगै आफ्नो अगुवाइमा अघि सरेका योजनाको अवस्था, आगामी योजना विषय र अहिलेको अवस्थाका विषयमा मतदातालाई आफ्नो र पार्टीको दृष्टिकोणबारे प्रष्ट पार्दै आएका छन् ।

**रूपन्देही ३ मा ८१ जना युवा एमालेमा प्रवेश**

रूपन्देही क्षेत्र नं. ३ मा ८१ जना युवाहरु नेकपा एमालेमा प्रवेश गरेका छन् ।

आइतबार उनीहरुलाई क्षेत्र नं. ३ का उम्मेदार बासुदेव घिमिरे, पार्टी केन्द्रीय सदस्य गोमादेवी आचार्यले नवप्रवेशी युवाहरुलाई पार्टीमा स्वागतसमेत गरे ।

» *बाँकी ३ पेजमा*

गाउँपालिकाद्वारा जनहितमा जारी सन्देश

विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर
विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्यापटप आदि) कोअधिक प्रयोगले:
-बालबालिकाको आँखाको ज्योति बिग्रने,
-दिमागमा असर पर्ने,
-समयमा नसुत्ने,
-खानपान तथा दिसापिसावमा समेत ध्यान नदिने,
-एकान्तमा बस्न मन पराउने,
-फिज्याहट हुने,
-साथीहरुसँग घुलमिल नहुने,
-एकै स्थानमा बसिरहँदा रक्त सञ्चारमा प्रभाव पर्ने,
-बालबालिकामा अटिजम शारिरीक तथा मानसिक अपाङ्गतासमेत हुन सक्ने भएकोले
बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोग गर्न नदिऔं ।

सरावल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवलपरासी (ब.सु.प.) लुम्बिनी प्रदेश, नेपाल

# सम्पादकीय

## स्थानीय तहका आशा जगाउने काम

काठमाडौं महानगरपालिकाकी कार्यबाहक प्रमुख सुनिता डंगोलले जेष्ठ नागरिकको नियमित स्वास्थ्य परीक्षण घरदैलोमै गर्न सुरु गरेको घोषणा गरेकी छिन् । महानगरपालिकाको कार्यबाहक प्रमुखको जिम्मेवारी सम्हालेपछि एकपछि अर्को जनस्तरमा प्रभाव पार्ने सुधारको काम अघि बढाएकी उनले नागरिकले स्थानीय सरकारको अनुभूति पाएका छन् । महानगरपालिका मात्रै नभई अन्य पालिकाले सेवा प्रवाहको क्षेत्रमा नमूना काम गरेर नागरिकको मन जित्ने प्रयास गरिरहेका छन् ।

पाल्पाको रिब्दीकोट गाउँपालिकाले अकबरे खुर्सानी खेतीमा आकर्षण बढाउन नागरिकलाई अकबरे खुर्सानीको बिउ वितरण गरिरहेको छ । पालिकाले किसानलाई अकबरे खुर्सानी खेती गर्न आकर्षण गरेपछि अहिले यहाँ मनग्गे आम्दानी गर्ने बढेका छन् । गत वर्ष रिब्दीकोट गाउँपालिकाबाट ६ करोड रुपैयाँको अकबरे खुर्सानी निर्यात भएको थियो । पाल्पाको पूर्वखोला गाउँपालिकाले सबै निजी विद्यालय बन्द गरेर सरकारी विद्यालयमा समायोजन गरेर शिक्षामा आमुल सुधारको प्रयास गरेको छ । रूपन्देहीको गैंडहवा गाउँपालिकाले छोरी बचाउन बालिका बिमा कार्यक्रम ल्याएर कार्यान्वयन गरिरहेको छ । पालिकालाई शून्य होम डेलिभरी बनाउन अस्पतालसम्म पुग्न निःशुल्क एमबुलेन्स, सुत्केरी भएको ३५ दिनसम्म सुत्केरीलाई पौष्टिक आहारा वितरण जस्ता कार्यक्रम लागु गर्ने पालिका धेरै छन् । विशेषतः सामाजिक सुरक्षा, कृषि उत्पादन, पर्यटन प्रवर्द्धन र जेष्ठ नागरिकको सम्मानमा पालिकाले गरेका काम अब्बल देखिएका छन् ।

मुलुकमा संघीय शासन प्रणाली स्थापना भएपछि स्थानीय तहले गरेका कामले मुलुकमा संघीय शासन प्रणालीको अनुभूति दिएको छ । नागरिकले सरकारको अनुभूति गर्न पाएका छन् । सेवा प्रवाहमा अब्बल ठहरिएका छन् । मुलुकमा केही नभएको भाष्य खडा गरेर वितृष्णा जन्माउने एउटा तप्का भएपछि स्थानीय सरकारले गरेका कामले नागरिकमा आशा जगाएको छ । कुनै पनि कामको लागि सदरमुकाम नै पुग्नुपर्ने बाध्यता हटेको छ । अदालत र जिल्ला प्रशासन कार्यालयसँग सम्बन्धित काम बाहेक अरु काम पालिकाबाटै हुँदा नागरिकको खर्च बचेको छ । घण्टौं लाग्ने काम पालिकामा छिनभरमै हुँदा सरकारप्रति नागरिकको भरोसा र विश्वास बढेको छ ।

त्यसो त पालिकाले सुधार गर्नुपर्ने विषय धेरै छन् । अनुभवको अभावमा कतिपय कमजोरीले भएका आलोचनालाई सहजै ग्रहण गर्दै सुधार गर्नुपर्ने अपेक्षा छ । योजना निर्माण, बजेट विनियोजनमा प्राथमिकीकरण गर्न धेरै पालिका चुकेका छन् । पालिका गौरवका आयोजना अघि बढाएर थोरै बजेटबाट पनि प्रभाव पार्न सकिने काम गर्न सकिन्छ भन्ने मानक स्थापित गर्न धेरै पालिका चुकेका छन् । ठूला आयोजनाका लागि संघीय र प्रदेश सरकारको मुख ताकेर पालिकाको बजेट कनिका छरेझैं छर्ने प्रवृत्तिको अन्त्य गर्न आवश्यक छ । अहिलेसम्मका कमजोरी सुधार गरी हरेक पालिकालाई उत्पादनको केन्द्र बनाउने गरी योजना निर्माण र बजेट विनियोजन गर्न सक्दा हाम्रा ग्रामीण बस्ती गुल्जार गर्न सकिन्छ । यो योजना कार्यान्वयनका लागि प्रदेश र संघीय सरकारको साथ आवश्यक छ । पालिका प्रदेश र संघ सरकार खोज्दै जानुको साटो प्रदेश र संघ स्थानीय सरकार खोज्दै तल झर्नुपर्ने अवस्था श्रृजनाका लागि पालिकाको नेतृत्व लाग्दा सम्भव छ । अहिले गरिरहेको सेवा प्रवाहको नमूना योग्यकामलाई निरन्तरता दिँदै अब उत्पादनमुखी अभियानमा लाग्दा स्थानीय तह अरुका लागि पनि अनुकरणीय हुनसक्छन् ।

# संस्कृति र राजनीतिको अन्तरसम्बन्ध



डा.जगमन गुरुङ

बाहिर आफूलाई नास्तिक वा भौतिकवादी देखाउन खोजे पनि अन्ततः धर्मकर्मबाट बिमुख कोही हुन सक्दैन । त्यसैले धर्म मानिसको जीवन पद्धति हो । यसबाट व्यक्तिले जतिसुकै आफूलाई टाढा राख्न खोजे पनि टाढा हुनसक्दैन । जीवन पद्धतिलाई राजनीतिले असर गर्न सक्छ तर संस्कृति पुस्तौँदेखि हस्तान्तरण हुँदै आएको हुन्छ । राजनीतिले संस्कृतिलाई होइन, संस्कृतिले राजनीतिलाई डोऱ्याउन सक्नुपर्छ ।

संस्कृति र राजनीति समाजका दुई आधारभूत स्तम्भ हुन् । संस्कृतिबिना समाजको पहिचान अधुरो हुन्छ भने राजनीतिबिना समाजको व्यवस्थापन सम्भव हुँदैन । यी दुवैबिच गहिरो सम्बन्ध रहेको हुन्छ । संस्कृति समाजको सोच, व्यवहार, मूल्य-मान्यता र जीवनशैलीको प्रतिविम्ब हो, भने राजनीति ती मूल्य-मान्यतालाई सत्ता, नीति र शासन प्रणालीमार्फत् कार्यान्वयन गर्ने माध्यम हो । त्यसैले संस्कृति र राजनीतिबिचको अन्तरसम्बन्धलाई बुझ्नु समाजको समग्र विकास बुझ्नु जस्तै हो । राजनीति र संस्कृति अलग-अलग क्षेत्र भने पक्कै होइनन् । संस्कृति नै राष्ट्रको आत्मा हो र राजनीति त्यस आत्माले निर्देशित हुनुपर्छ । भाषा, धर्म, परम्परा, चाडपर्व, कला, साहित्य, रहनसहन, विश्वास प्रणाली र सामाजिक मूल्य मिलेर संस्कृति निर्माण हुन्छ । संस्कृति राष्ट्रको पहिचान हो भने राजनीतिले त्यो पहिचानको संरक्षण, सम्मान र प्रवर्द्धन गरेको हुर्नुपर्छ । राजनीति र सांस्कृतिक मूल्यबिचको सन्तुलनले मात्र समाजलाई सुदृढ र देशलाई गतिशील बनाउँछ । संस्कृति प्रत्येक व्यक्ति वा राष्ट्रको आफ्नो पहिचान हो, पहिचानविहीन हुन न व्यक्ति सक्दछ, न राष्ट्र नै । हरेक व्यक्तिको राजनीति धर्म र संस्कृतिबाट सुरक्षित र सुगठित हुन्छ ।

नेपाली राजनीतिक प्रक्रियाले सांस्कृतिक मूल्य र सामाजिक एकतालाई कमजोर बनाएको खण्डमा राष्ट्र कमजोर हुने सम्भावना रहन्छ । नेपाली संस्कृति मात्र परम्परा वा रीतिरिवाज नभइ समाजको पहिचान, एकता र सामाजिक सद्भावको आधार पनि हो । हाम्रा पुराना संस्कार, आदर्श र सांस्कृतिक अभ्यासलाई स्मरण गराएर नेपाली समाजलाई अझ समृद्ध र दिगो बनाउन सकिन्छ । राजनीतिक नेतृत्वले संस्कृतिकै आधारमा निर्णय गरेमा देशमा सकारात्मक परिवर्तन आउन सक्दछ । विशेषगरी पुराना मान्यता, भाषा र मूल्यमा आधारित व्यवहारलाई आधुनिक जीवनशैलीमा हस्तान्तरण गर्नु आजको आवश्यकता हो ।

नेपाल बहुजाति, बहुधार्मिक, बहुसांस्कृतिक देश हो र यो नै नेपालको विशिष्ट मौलिक पक्ष हो । सबै जात, धर्म, वेषभूषा भएका मानिसबिचको एकता, सम्मान र विश्वास नै नेपालको धरोहर हो । यो वास्तविकतालाई हरेक राजनीतिक पार्टी र तिनका नेता, कार्यकर्ताले पनि राम्ररी बुझेका छन् । कहिलेकाहीँ अर्काको इशारा र स्वार्थमा परेर विवादास्पद अभिव्यक्ति दिने, जातीय, धार्मिक विद्वेष फैलाउने दुस्कार्य हुन खोजे पनि त्यसलाई आम जनताले तिरस्कार गरी आपसी प्रेम, विश्वास र सद्भावलाई खल्बलिन दिँदैनन् । राजनीतिक व्यवस्थाले यी सबैलाई समेटेर राखेकै कारण नेपालमा कुनै पनि खालको जातीय, भाषिक वा धार्मिकद्वन्द्व वा विद्रोह हुन पाएको छैन । समन्वयात्मक संस्कृतिले राजनीतिक व्यवस्थालाई पनि समेटेर राखेको छ । नेपाल आध्यात्मिक केन्द्रको रुपमा विश्वमा परिचित छ । पछिल्लो समय नेपाली समाज विकृतिले भरिन थालेको छ । हरेक जातजाति अनुसार मिलेर बसेको नेपाली समाजलाई पछिल्लो समय भने केही धर्मको नाममा, जातीयताको नाममा राजनीति गर्नेहरुले बिगार्दै लगेको पाइन्छ । नेपाली समाज विकृत रूपमा अघि बढिरहेकाले समाजलाई सच्याएर अघि बढाउनुपर्ने अवस्था रहेको छ ।

नेपालीहरूले पुरानो संस्कृति र संस्कार बिर्सिसकेकाले यसलाई पुनः उजागर र प्रवर्द्धन गर्न आवश्यक छ । समन्वयात्मक अध्यात्मवादको पृष्ठभूमिमा समन्वयात्मक नेपाली संस्कृतिको विकास भएको छ । त्यही समन्वयात्मक नेपाली संस्कृतिको धरातलमा नेपाल राष्ट्रको संरचना र नेपाली राष्ट्रियताको विकास भएको हो ।नेपालको संविधान २०७२ ले बहुसांस्कृतिकता, विविधता र समावेशीतालाई विशेष जोड दिएको छ । त्यसअनुसार राजनीतिक दलहरूले नेपाललाई बहुजातीय, बहुभाषिक र बहुधार्मिक मुलुकको रूपमा स्वीकार गर्दै आदिवासी जनजाति, दलित, मधेसी, थारू, मुस्लिमलगायत समुदायको सांस्कृतिक अधिकार मातृभाषा, लोकसंस्कृति र परम्परागत ज्ञानको संरक्षण, सांस्कृतिक पहिचानमा आधारित विभेद्को अन्त्य जस्ता विषयलाई आफ्ना राजनीतिक दस्तावेजमा पनि उल्लेख गरेका छन् । संस्कृतिलाई केबल परम्परा होइन, अधिकार र पहिचानको राजनीतिक मुद्दा बनाएका छन् ।

**घोषणापत्रमा उपेक्षित सांस्कतिक पक्ष**

मुलुक यतिबेला निर्वाचनको सङ्घारमा उभिएको छ । राजनीतिक पार्टीहरु निर्वाचन लक्षित आफ्ना दृष्टिकोण र भावी योजना कार्यक्रमसहितको घोषणापत्र तयारीको अन्तिम चरणमा छन् । तिनका उम्मेदवार जनताका घरदैलोमा आफ्ना पार्टीका घोषणापत्र लिएर मत माग्न जाने तयारीमा छन् । घोषणापत्र कुनै पनि देशको भावी नीति, प्राथमिकता र वैचारिक दिशाको दस्तावेज मानिन्छ । नेपालजस्तो बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक देशमा संस्कृतिको संरक्षण, संवर्द्धन र प्रवर्द्धन राजनीतिक घोषणापत्रको महत्वपूर्ण अङ्ग बन्नु स्वाभाविक हो तर व्यवहारमा विगतका निर्वाचनमा ल्याइएका घोषणापत्रका आधारमा त्यसमा संस्कृतिको पक्षलाई महत्व दिएको पाइँदैन । केही दलका घोषणापत्रमा धर्म र संस्कृतिको सम्बन्ध संवेदनशील विषयका रूपमा प्रस्तुत गरिएको छ । अधिकांश राजनीतिक दलका घोषणापत्रमा संस्कृति राष्ट्रिय पहिचान र सामाजिक एकताको आधारका रूपमा उल्लेख गरिएको हुन्छ । तर ती घोषणापत्रमा संस्कृति मूल एजेन्डा होइन, सहायक विषयका रूपमा मात्रै समेटिएको पाइन्छ ।

सांस्कृतिक पर्यटनको विकास, कला, साहित्य, सङ्गीत र चलचित्र उद्योगलाई प्रोत्साहन, संस्कृतिमार्फत् आर्थिक गतिविधि विस्तार गर्न सकिने कुराहरु समावेश गरिएका हुन्छन् । नेपाली कांग्रेस, एमाले, माओवादी केन्द्रलगायत दलहरूले नेपाली संस्कृति, परम्परा, कला, भाषा र सभ्यताको संरक्षणलाई राष्ट्र निर्माणसँग जोडेर प्रस्तुत गरेका छन् । विगतका घोषणापत्रमा धर्मनिरपेक्षता स्वीकार गर्दै सबै धर्म र संस्कृतिप्रति राज्यको समान व्यवहार गरिने कुरामा जोड दिन खोजिएको छ । तर व्यवहारमा संस्कृति र धर्मलाई राजनीतिक स्वार्थअनुसार प्रयोग गरिएको देखिन्छ । वास्तवमा संस्कृति केवल विगतको सम्झना होइन, राष्ट्रको वर्तमान चेतना र भविष्यको दिशा पनि हो भन्ने बुझाइ घोषणापत्रका शब्दमा मात्र होइन, व्यवहारमा पनि देखिनु आवश्यक छ । भाषा, साहित्य, संस्कृति र समृद्धि एकापसमा अन्तसम्बन्धित छन् । भौतिक समृद्धिले मात्रै राष्ट्रिय गौरव कायम गर्न सक्दैन, कला, साहित्य पनि समृद्धिको एउटा आधार हो भन्ने तथ्यलाई राजनीतक नेतृत्वले बुझ्न जरुरी छ ।

निर्वाचनका दौरानमा अधिकांश उम्मेदवार जनताका घरदैलोसँगै आ-आफ्ना धार्मिक विश्वास र आस्थाबाट प्रेरित भई विजयको अपेक्षा राख्दै मठमन्दिर, गुम्बा, चैत्यजस्ता धार्मिकस्थलमा गई पूजाअर्चना गर्ने, फूलमाला लगाउने, पूजारीबाट आशीर्वाद लिने गरेको सञ्चारमाध्यममा देखिन्छ । बाहिर आफूलाई नास्तिक वा भौतिकवादी देखाउन खोजे पनि अन्ततः धर्मकर्मबाट बिमुख कोही हुन सक्दैन । त्यसैले धर्म मानिसको जीवन पद्धति हो । यसबाट व्यक्तिले जतिसुकै आफूलाई टाढा राख्न खोजे पनि टाढा हुनसक्दैन । जीवन पद्धतिलाई राजनीतिले असर गर्न सक्छ तर संस्कृति पुस्तौँदेखि हस्तान्तरण हुँदै आएको हुन्छ । राजनीतिले संस्कृतिलाई होइन, संस्कृतिले राजनीतिलाई डोऱ्याउन सक्नुपर्छ ।

राजनीति र संस्कृति एउटै सिक्काका दुई पाटा हुँदाहुँदै पनि राजनीतिक पार्टीले अझै पनि यसको अन्तरसम्बन्धलाई राम्ररी बुझेको जस्तो लाग्दैन । प्रायः सबैजसो राजनीतिक पार्टीका घोषणापत्रमा ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, लोपोन्मुख संस्कृति र परम्पराको अभिलेखीकरण, राष्ट्रिय पर्व, जात्रा र सांस्कृतिक उत्सवको प्रवर्द्धन गरिनेछ भन्ने प्रतिबद्धता व्यक्त गरिएका छन् ।

तर यी प्रतिबद्धता प्रायः औपचारिकतामै सीमित हुने गरेको देखिन्छ । संस्कृतिबारे घोषणापत्रका शब्द आकर्षक भए पनि कार्यान्वयनको अवस्था कमजोर रहेको छ । यसपटकको निर्वाचनमा राजनीतक दलहरुले ल्याउने घोषणापत्रमा सांस्कृतिक पक्षलाई पक्कै पनि राष्ट्रियता, अखण्डता, बहुलता र सामाजिक सद्भावलाई अझ मजबुद बनाउँदै समृद्धमुलुक निर्माणमा केन्द्रित हुनेछ भन्ने आशा गर्न सकिन्छ ।

समाचार पत्रबाट

# खाना खाएपछि तुरून्त पानी पिउँदा के हुन्छ ?

दिपु सिंह

पानी मानव जीवनको आधार हो । बिना पानी कुनै पनि जीवित प्राणी बाँच्न सक्दैन । शरीरका सबै जैविक क्रियाकलापहरू, पाचन, रक्तसंचार, तापक्रम नियन्त्रण, तथा विषाक्त पदार्थको निष्कासन – पानीकै सहयोगमा सम्पन्न हुन्छ । तर, पानी कति मात्रामा र कुन समयमा पिउनु पर्छ भन्ने कुरा थाहा नहुँदा धेरै मानिसहरू अनजानेमै गलत बानी बनाउँछन् । तीमध्ये एक सामान्य बानी हो- खाना खाएपछि तुरुन्तै पानी पिउने ।

देख्दा सामान्य लाग्ने यो बानी वास्तवमा शरीरका लागि हानिकारक हुन सक्छ । यो लेखमा हामी बुझ्नेछौं- खाना खाएपछि तुरुन्त पानी पिउँदा शरीरमा के हुन्छ, यसको वैज्ञानिक कारण के हो, र स्वस्थ तरिका कुन हो ।

**पानी किन आवश्यक छ ?**

मानव शरीरको करिब ६०-७० प्रतिशत हिस्सा पानीले बनेको हुन्छ ।

पानीको अभावमा शरीरका अंगहरूले आफ्नो कार्य ठीकसँग गर्न सक्दैनन् ।

पानीले निम्न महत्त्वपूर्ण कार्यहरू गर्छः

१. शरीरको तापक्रम नियन्त्रण गर्छ ।

२. पाचन प्रक्रियालाई सहज बनाउँछ ।

३. विषाक्त पदार्थहरू मूत्र र पसिनामार्फत् बाहिर निकाल्छ ।

४. जोर्नी र मांसपेशीलाई लचिलो राख्छ ।

५. छालाको नमी र चमक कायम राख्छ ।

तर, पानी पिउने समय र तरिका गलत भयो भने, यही पानी शरीरको लागि समस्या पनि बन्न सक्छ ।

**खाना खाएपछि पेटमा के हुन्छ ?**

जब हामी खाना खान्छौं, त्यसपछि पेटमा विभिन्न पाचन रसहरू उत्पादन हुन्छन् ।

यी रसहरूमा मुख्यतः हाइड्रोक्लोरिक एसिड , पेप्सिन, र अन्य एन्जाइमहरू हुन्छन् जसले खाना पचाउन सहयोग गर्छन् ।

पेटमा यी रसहरूको सन्तुलन अत्यन्त महत्त्वपूर्ण हुन्छ । जब खाना पेटमा पुग्छ, ती रसहरूले खाना तोड्न र शरीरलाई पोषक तत्व लिन सजिलो बनाउँछन् ।

तर, यदि यो समयमा पानीको ठूलो मात्रा पेटमा पुग्यो भने के हुन्छ ?

**खाना खाएपछि तुरुन्त पानी पिउँदा हुने असरहरू**

**१. पाचन रस पातलो हुन्छ**

खाना खाएपछि तुरुन्त पानी पिउँदा पेटभित्रको अम्लीयता घट्छ ।

हाइड्रोक्लोरिक एसिड पानीले पातलो बनाउँछ, जसका कारण खाना राम्ररी पच्दैन ।

पाचन प्रक्रिया सुस्त हुन्छ, र पेटमा खाना लामो समय रहन्छ ।

**२. अपच हुने सम्भावना**

खाना राम्ररी नपच्दा अपच, डकार, पेट फुल्ने, वा ग्यास बन्ने समस्या हुन्छ ।

यसले दैनिकीमा असहजता ल्याउँछ र दीर्घकालमा पाचन प्रणाली कमजोर पार्छ ।

**३. भोक कम हुने र वजन बढ्ने**

पाचन कमजोर हुँदा शरीरले पोषक तत्व राम्ररी अवशोषण गर्न सक्दैन ।

शरीरमा बोसो जम्न थाल्छ, जसले वजन बढाउँछ ।

साथै, लगातार अपच हुँदा भोक घट्ने समस्या पनि देखा पर्छ ।

**४. रक्तमा सुगर स्तरमा असर**

मधुमेह भएका मानिसहरूका लागि यो बानी विशेष हानिकारक हुन सक्छ ।

पानीले पाचन रसमा हस्तक्षेप गर्दा ग्लुकोज अवशोषणमा असन्तुलन आउँछ, जसले रक्तशर्करा नियन्त्रणमा असर गर्छ ।

**५. शरीरको तापक्रममा असन्तुलन**

खाना खाएपछि पेटमा तापक्रम केही बढेको हुन्छ ताकि पाचन प्रक्रिया सक्रिय रहोस् ।

तर, यदि त्यस समयमा चिसो पानी पिइयो भने, पेटको तापक्रम अचानक घट्छ र पाचन रस निष्क्रिय हुन सक्छ ।

यसले पेट दुख्ने, फुल्ने वा भारी हुने अनुभव गराउँछ ।

**६. एसिडिटी र पेटको जलन**

कतिपय अवस्थामा तुरुन्त पानी पिउँदा अम्लीयता घट्ने होइन, उल्टै एसिड रिफलक्स हुन सक्छ ।

यसले छातीमा जलन, तितो डकार, वा ग्यास्ट्रिक समस्या निम्त्याउँछ ।

**पानी पिउने सही समय**

विशेषज्ञहरूको सुझाव अनुसार, खाना खाने वरिपरि पानी पिउने समय यस्ता हुनुपर्छः

**खाना खानु अघि**

खाना खानुभन्दा ३० मिनेट अघि एक गिलास कोमल पानी पिउनु सर्वोत्तम हुन्छ ।

यसले शरीरलाई पाचनका लागि तयार बनाउँछ र पेटमा आवश्यक रसहरू सक्रिय गर्छ ।

**खाना खान्दा**

खानाको बिचमा सानो घूँट पानी लिन सकिन्छ, तर धेरै होइन ।

यसले खाना सजिलै निल्न मद्दत गर्छ र मुख सुख्खा हुन दिँदैन ।

**खाना खाएपछि**

खाना खाएपछि कम्तीमा ३० देखि ४५ मिनेट पछि मात्र पानी पिउनु उपयुक्त हुन्छ ।

त्यसपछि शरीरले खाना पचाउन सुरु गरिसकेको हुन्छ, र पानीले पाचनमा बाधा पुऱ्याउँदैन ।

**तातो वा चिसो पानी ?**

खाना खाएपछि कुन पानी पिउने भन्ने कुरा पनि महत्त्वपूर्ण छ । तातो वा कोमल पानी पिउनु स्वास्थ्यका लागि उत्तम हुन्छ ।

तातो पानीले पाचन छिटो गराउँछ, बोसो पगाल्छ र पेटलाई हल्का महसुस गराउँछ ।

त्यसैगरी, तेलयुक्त वा भारी खाना खाएपछि तातो पानीले राहत दिन्छ ।

चिसो पानी चाहिँ खाना पचाउन बाधक हुन्छ ।

चिसो पानीले बोसो जमाउँछ, पाचन सुस्त बनाउँछ, र अम्लीयता बढाउँछ ।

गलत बानीहरू जसले पाचन बिगार्छन्

१. खाना खाएपछि तुरुन्तै धेरै पानी पिउनु ।

२. खाना खाएपछि तुरुन्तै सुस्त बस्नु वा सुत्नु ।

३. खाना खाएपछि चिसो पेय पदार्थ सेवन गर्नु ।

४. खाना खाँदा ध्यान नदिई मोबाइल हेर्नु वा हतारमा खानु ।

५. खाना खाएपछि तुरुन्त फलफूल वा दूध सेवन गर्नु ।

यी बानीहरूले पाचन प्रणाली कमजोर पार्छन् र दीर्घकालमा स्वास्थ्य समस्या ल्याउँछन् ।

स्वास्थ्य खबरबाट

# नेप्से परिसूचकमा दोहोरो अङ्कको गिरावट



काठमाडौं । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा आइतबार दोहोरो अङ्कको गिरावट देखिएको छ । नेप्से परिसूचक १० दशमलव २५ अङ्कले घटेर दुई हजार ६९८ दशमलव ४४ को बिन्दुमा कायम भएको छ ।

३३० कम्पनीको दुई करोड ६२ लाख ३६ हजार २०४ कित्ता शेयर एक लाख ११ हजार ९७८ पटक खरिदबिक्री हुँदा रु ११ अर्ब ६५ करोड ९७ लाख ५२ हजार १४३ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । लगानी समूह शून्य दशमलव ०८ र अन्य समूह शून्य दशमलव ४६ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । बैंकिङ शून्य दशमलव १४, विकास बैंक शून्य दशमलव ९२, वित्त शून्य दशमलव ०१, होटल तथा पर्यटन दुई दशमलव १३, जलविद्युत् शून्य दशमलव ३१, जीवन बिमा शून्य दशमलव ७१ र उत्पादन तथा प्रशोधन समूह एक दशमलव १५ प्रतिशतले घटेको छ । त्यस्तै, लघुवित्त शून्य दशमलव २१, म्युचुअल फन्ड शून्य दशमलव ६१, निर्जीवन बिमा शून्य दशमलव ३२, र व्यापार एक दशमलव ३० प्रतिशतले घटेको छ ।

सुपर माई हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने कालिञ्चोक दर्शन लिमिटेडको शेयर मूल्य आठ दशमलव ९१ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै सुपर मार्दी हाइड्रोपावर लिमिटेडको रु ५६ करोड तीन लाख ४८ हजार १५५ बराबरको खरिदबिक्री भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने रिडी पावर कम्पनी लिमिटेडको १६ लाख ५८ हजार ७२५ बराबरको किनबेच भएको छ ।

## वडामै...

सिद्धार्थनगर नगरपालिका वडा नम्बर ९ का वडा सदस्य बसन्त भट्टराईले वडामार्फत् विभिन्न सचेतना कार्यक्रम गरिएको र आधारभूत स्वास्थ्य सेवा केन्द्रबाट प्रदान हुने सेवाका बारेमा वडावासीलाई जानकारी नभएको भन्ने कुरामा सत्यता नरहेको बताए। उनले वडा नम्बर ९ को ६ वटा क्षेत्रमा (प्रतिक्षेत्रमा) २-२ जनाको दरले १२ जना महिला स्वास्थ्य स्वयंसेविकाहरु घरदैलोमा खटिरहेको जनाए।

ज्येष्ठ नागरिकलाई वर्षको एकपटक घरमै बसेर स्वास्थ्य परीक्षण सेवा उपलब्ध गराइएको उनले जानकारी दिए। समयसमयमा विभिन्न संघ-संस्थाहरुले वडास्तरमा स्वास्थ्य शिविर सञ्चालन गरिरहेको उनले बताए।

आधारभूत स्वास्थ्य सेवा केन्द्र सिद्धार्थनगर ९ को इञ्चार्ज सिनियर अनमी निरीक्षक सरिता पाण्डेका अनुसार औसतमा दैनिक ३५ जना सेवाग्राही यहाँ आउने गरेका छन्। यहाँबाट विशेष गरी निःशुल्क औषधि वितरण, परामर्श, रिफर, प्राथमिक उपचार सेवा, घरभेट कार्यक्रम बढी गरिएको जानकारी दिए।

आधारभूत स्वास्थ्य सेवा केन्द्रबाट बालबालिका खोप, परिवार योजना, गर्भवती, सुत्केरी जाँच, बालबालिकाको तौल वृद्धि अनुगमन जाँच, जेष्ठ नागरिक सेवालगायतका सेवा उपलब्ध गराइएको सिद्धार्थनगर नगरपालिलका वडा नम्बर ५ का वडाध्यक्ष पुरन प्रसाद श्रेष्ठले बताए। सामान्य स्वास्थ्य समस्या र परामर्शका लागि अस्पताल/क्लिनिकमा जानुपर्ने बाध्यतालाई अन्त्य गर्न र वडावासीलाई आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले केन्द्र सञ्चालनमा ल्याइएको उनले जनाए। उनले स्वास्थ्य केन्द्रबाट वडा/नगरवासी मात्रै नभइ अन्य पालिकावासीले पनि सेवा लिन सक्ने बताए। आधारभूत स्वास्थ्यसम्बन्धी सम्पूर्ण सेवा केन्द्रबाटै दिने व्यवस्था रहेको उनको भनाइ छ।

भैरहवामा अस्पतालका साथै धेरै निजी क्लिनिकहरू छन्। धेरैलेछोटो समयमै परीक्षण, निजी चिकित्सकको पहुँच, सुविधा/सुविधाजनक सेवा, बिदाको दिन पनि सेवा, जस्ता कारणले बिरामी निजी स्वास्थ्य संस्थामा जाने गरेका छन्। 'छोटो समय, छिटो उपचार' यसले पनि सरकारी अस्पतालको भीड घट्न नदिएको छ, किनकि निजी सेवाले 'छोटो समय, छिटो उपचार' भन्ने बुझाइ रहेको देखिन्छ।

सिद्धार्थनगर नगरपालिकाको उप-प्रमुख उमा अधिकारीले प्राथमिक र सामान्य उपचारका लागि वडास्तरीय आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापना भएको बताइन्। उनले कार्यालय समयमा मात्र सेवा प्रवाह हुने कारणले पनि बिरामी अस्पतालमा पुगेको हुन सक्ने जनाइन्। महिला स्वास्थ्य स्वयंसेविकाहरुले आधारभूत स्वास्थ्य सेवा केन्द्रमार्फत् खोप लगाउने, सुत्केरी महिलालाई परामर्शलगायतका सेवा घरघर पुगेर प्रदान गरिरहेको बताइन्।

सार्वजनिक बिदाको दिन बन्द हुनु, खुलेको दिन पनि कार्यालय समयमा मात्र उपचार सेवा उपलब्ध हुनु, विशेषज्ञ सेवा प्रदान नहुनु, जनशक्तिको अभाव औषधिको अभाव (सरकारी नियम अनुसार टेण्डर प्रक्रिया र औषधी आउनमा ढिलाइ भएकोले कारणले समयमै स्वास्थ्य केन्द्रमा औषधि पुग्न नसक्नु) वडास्तरमा रहेको आधारभूत स्वास्थ्य केन्द्रप्रति जनतालाई विश्वस्त नगर्नुका कारण सेवाग्राहीहरु अपेक्षित रुपमा यहाँ बिरामी पुग्न सकेका छैनन्। जसका कारण अस्पतालमा बिरामीको चाप बढ्दो क्रममा छ।

सिद्धार्थनगर नगरपालिका-३ का गोपाल भण्डारीले वडास्तरमा सञ्चालित आधारभूत स्वास्थ्य सेवा केन्द्रबाट प्रदान हुने सेवाबारे वडा तहमा सबै नागरिकलाई जानकारी गराउनुपर्ने बताए। यसो गर्न सकिए अस्पतालमा बिरामीको चाप घट्ने भण्डारीको भनाइ रहेको छ।

## रुपन्देहीमा...

रुपन्देही क्षेत्र नं. ३ को फर्साटिकरमा निर्वाचन परिचालन तथा प्रचारप्रसार कार्यालय सञ्चालनका अवसरमा उनीहरुलाई एमाले प्रवेश गराइएको हो। चुनावी प्रचारप्रसार कार्यलाई व्यवस्थित गर्न पार्टीले क्षेत्रीय निर्वाचन परिचालन कार्यालय स्थापना गरेको हो। आइतबार आयोजित कार्यालय उद्घाटन कार्यक्रममा उम्मेदवार विभिन्न पार्टी परित्याग गरेर कृष्णबहादुर बकावल र केशव थारुको नेतृत्वमा ८१ जना युवाहरु एमाले प्रवेश गरेको पार्टीले जनाएको छ। कार्यक्रममा पार्टी केन्द्रीय सदस्य आचार्यले युवाहरु परिवर्तनका संवाह भएकाले विकासप्रेमी एमालेका उम्मेवादरलाई जिताउने अभियानमा थप क्रियाशील हुन युवाहरुलाई आग्रह गरिन्। उम्मेदार बासुदेव घिमिरे काम गर्नसक्ने कर्मठ नेता भएको उल्लेख गर्दै नेतृ आचार्यले उनको नेतृत्व क्षेत्र नं. ३ ले चाहेको बताइन्। यस्तै उम्मेदवार घिमिरेले आफूले जिम्मेवारी पाउँदा काम गरेर देखाएको बताउँदै क्षेत्र नं. ३ को सन्तुलित र समन्यायिक विकासमा आफू प्रतिबद्ध रहने स्पष्ट पारे। जनमैत्री कानुन निर्माण, सुशासन कायम, भ्रष्टाचार नियन्त्रण, जनजीविकामा सुधारजस्ता विषय आफ्ना चुनावी एजेण्डा रहेको उल्लेख गर्दै नेता घिमिरेले विगतको अनुभवको आधारमा आफूले क्षेत्र नं. ३ को विकासमा रचनात्मक काम गर्नसक्ने जनाएका थिए। कार्यक्रमका पार्टीका प्रदेश, जिल्ला, पालिकास्तरका नेता वक्ताहरुले बासुदेव घिमिरेको नेतृत्वमा क्षेत्र नं. ३ को विकास र समृद्धि अघि बढ्ने विश्वास व्यक्त गरे। चुनावी अभियानको क्रममा क्षेत्र नं. ३ मा आइतबार महिला भेला, विभिन्न वडामा प्रचारप्रसार कार्यालय उद्घाटन, युवा भेलाहरु भएको पार्टीले जनाएको छ।

उता क्षेत्र नं. ५ मा उम्मेदार खिमलाल भट्टराईले आफ्नो अभियानलाई तीव्ररुपमा अघि बढाएका छन्। क्षेत्र नं. ५ अन्तर्गत कञ्चन गाउँपालिकाको वडा नं. ३ को प्रचार कार्यालय उद्घाटन गर्दै एमाले केन्द्रीय सदस्य तथा सो क्षेत्रका उम्मेदार खिमलाल भट्टराईले एमालेले अहिलेसम्म जनताको मुद्दा उठाएरै यहाँसम्म पुगेको बताए। नेता भट्टराईले पार्टी सरकारको नेतृत्वमा रहँदा सुकुम्बासी समस्याको समाधानको अन्तिम पहल गरिरहेको समयमा देशीविदेशी षड्यन्त्रबाट आक्रमण भएको भन्दै स्थानीय धेरैले यो विषयमा जानकार रहेका र उनले सुकुम्बासी समस्या स्थायी समाधानको अभियान नै आफ्नो पार्टीले थालेको जनाएकाथिए।

यसैगरी क्षेत्र नं. १ अन्तर्गतचुनावी अभियान जारी रहेको छ। देश विकासको लागि स्पष्ट दृष्टिकोण र योजना आवश्यक रहेको नेकपा एमालेका केन्द्रीय सदस्य तथा सो क्षेत्रका उम्मेदार दधिराम न्यौपानेले बताएका छन्। उनले मुलुक बनाउने योजना र स्पष्ट दृष्टिकोण एमालेसँग मात्र रहेको दाबी गरे। नेकपा एमाले देवदह-५, को निर्वाचन परिचालन तथा प्रसार प्रसार कार्यालयको उद्घाटन गर्दै उनले उक्त कुरा बताएका हुन्।

न्यौपानेले देशको हरेक समस्या समाधान गर्ने पार्टी भनेको एमाले भएकोले सूर्यध्वजावाहक एमाले उम्मेदवारलाई जिताउने गरी लाग्न आग्रह गरे। नेता न्यौपानेले दशगंजादेखि पाल्पा जोड्ने पहुँच मार्गको योजनालाई पूर्णता दिनको लागि नेकपा एमालेले जित्न आवश्यक रहेकोमा जोड दिए। उम्मेदवार न्यौपानेले नयाँ पार्टीहरुप्रति लक्षित गर्दै सिहदरवार जलाउनेले देश बनाउन नसक्ने र नयाँ पार्टीसँग देश विकासको लागि कुनै पनि योजना, स्पष्ट दृष्टिकोण नभएको बताए। उनले नेकपा एमाले रुपान्तरणसहित निर्वाचनमा होमिएको उनको भनाइ थियो।

यसैगरी रुपन्देही क्षेत्र नं. ४ का उम्मेदार प्रमोद यादवले विभिन्न क्षेत्रका प्रचार कार्यालय उद्घाटनसँगै आफ्नो क्षेत्रमा रहेका प्रमुख समस्याहरुका विषयमा स्थानीयसँग पुगेका छन्। उनी अधिकांश समय मर्चवार क्षेत्रका स्थानीयका समस्या र यसको समाधानका विषयमा सुझाव संकलन गर्दै यसमा आफ्नो प्रतिबद्धतामै समय दिएको बताए।

'मर्चवारको समस्याको विषयमा मलाई जति सूभना कसैलाई छैन, यसको समाधानको उपाय पनि मैले अध्ययन गरेको छु, त्यसैले स्थानीयको साथ पाउने अपेक्षा गरेको छ।'-उनले भनेका छन्।

---

## +२ को माइग्रेशन हराएको सूचना

मेरो निम्न विवरण भएको +२ को माइग्रेशन २०८२।०८।२५ गते भैरहवादेखि बुटवल जाँदा हराएको हुँदा फेला पार्नु हुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्कमा गरिदिनु हुन बिनम्र अनुरोध छ।

**नामः** : विष्णु कुमारी पौडेल
**ठेगानाः** : सिनपा-९, भैरहवा
**सिम्बोल नं.:** : ४२१५२७
**रजिष्ट्रेशन नं.** : ६०४९०८०३९
**मोबाईल नं:** : ९८४७०३१३९७

---

## नेपाल रेडक्रस सोसाइटी
### रुपन्देही जिल्ला शाखा
## शिलबन्दी कोटेशन आह्वान सम्बन्धी सूचना

नेपाल रेडक्रस सोसाइटीको समन्वय एवं स्वीस रेडक्रसको सहयोगमा रुपन्देही जिल्ला शाखा अन्तरगर्त सैनामैना नगरपालिकामा सञ्चालित शहरी पूर्व तयारी तथा आपतकालिन प्रक्रिकार्य प्रवर्द्धन,(SUPER) परियोजना रुपन्देही अन्तरगर्त Compact Collection Data Platform खरिद गरी जडानगर्नु पर्ने भएकोले इच्छुक तथा नेपाल सरकार बाट सम्बन्धित कामका लागि ईजाजत प्राप्त सप्लायर्स, कम्पनी वा फर्महरुबाट शिलबन्दी कोटेशन पेश गर्न यस सूचना प्रकाशन गरिएको छ। सूचना प्रकाशन भएको मितिले ०७ दिनभित्र आफ्नो नवीकरण भएको फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर (VAT) प्रमाणपत्र तथा आ.ब. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी शिलबन्दी कोटेशन पेश गर्न अनुरोध गरीन्छ।

**सामग्री विवरण** :
**सामग्रीको नाम** : **Compact Collection Data Platform**
**परिमाण : आवश्यकता अनुसार**
**प्रमुख प्राविधिक विशेषताहरु** :

**Interface :**
- Event x 2
- RS485half duplex
- UARTTTL
- RS232 (Optional)
- SDI-12
- I2C

**Analogue Inputs :**
- 10 differential &20 single ended channels (optional)

**Ethernet Interface** : Optional
**Output Interface** : (NO/NC) x 8 ch (Optional)
**User Interface** :
- 20x2 LCD display (Optional)
- Membrane keypad (Optional)

Memory :
- 8 MB (16 MB optional)
- Expandable up to 32 GB

**Power Consumption :**
- Deep sleep ≤100 uA
- Normal ≤15 mA
- Transmission max 2A

**USB :**
- USB-C OTG port
- USB 1.1 and 2.0 compatible

**Built-in 4GModem :**
- LTE, WCDMA, GSM supported

Protocols :
- Modbus, TCP/IP, HTTP, FTP, NTP, SNTP

**Power Supply :**
- Solar charge controller
- Charging current 2A
- Voltage 5–32VDC
- MPPT efficiency >98%
- Li-ion battery 12Ah (up to 30Ah optional)
- Solar panel 10Wp (up to 50Wp)

**Enclosure** :
- Dimension : 171 x 121 x 80 mm
- IP65/IP66 polycarbonate body

**Environmental Condition :**
- Temperature: -20°C to 75°C
- Humidity: 0–100% RH

**Accessories :**
- Quad band cellular antenna

**शर्तहरु**
१. प्राप्त कोटेशनहरु कोटेशन प्रस्तुतगर्ने अन्तिमदिनको भोलि पल्टदिनको १:०० बजे ने.रे.सो. रुपन्देही जिल्ला शाखामा खोलिने छ, खोलिने दिन विदा परेमा सो को भोलिपल्ट खोलिने छ।
२. कोटेशन दाताको प्रतिनिधि उपस्थिति नभएमा पनि शिलबन्दी कोटेशन खोल्नका लागि बाधा पर्ने छैन।
३. म्याद नाघी आएको, रित नपुगेको वाशर्त राखी पेश भएको कोटेशनहरु माथि कुनै कारवाही गरिने छैन।
४. कोटेशनमा दर भाऊ लेख्नु पर्ने छ।
५. कोटेशन स्वीकृत वा अस्वीकृत गर्ने लगायत सम्पूर्ण अधिकार नेपाल रेडक्रस सोसाइटी रुपन्देही जिल्ला शाखामा निहित रहनेछ।

**नेपाल रेडक्रस सोसाइटी**
**रुपन्देही जिल्ला शाखा**

---

**लुम्बिनी प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
## पृथ्वीचन्द्र अस्पताल
**रामग्राम, नवलपरासी (ब.सु.प.)**

## बोलपत्र स्वीकृत गर्ने आशयको सुचना

प्रथम पटक प्रकाशित मिति ः २०८२।१०।२६

प्रस्तुत विषयमा यस पृथ्वीचन्द्र अस्पतालको मिति २०८२।०९।११ गते राष्ट्रियस्तरमा बोलपत्र आब्हान गरिएको सुचना अनुसार तोकिएको मिति सम्म पर्न आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्रहरुको न्यूनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले बोलपत्र स्वीकृतिका लागी सिफारिस भएकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो ७ (सात) दिने सुचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सूचना नं | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम ठेगाना | आईटम संख्या | कबोल रकम (मु. अ. कर बाहेक) |
|---|---|---|---|---|
| PCH/G/NCB-01/082/83 | procurement of Lab Reagent, chemical & X ray film (close system ) | Lumbini surgicame pvt. ltd.- maitripath butwal | 69 | 10358978.00 |
| PCH/G/NCB-01/082/83 | procurement of Lab Reagent, chemical & X ray film ( close system) | Bio surgi hub pvt.ltd. butwal 8 sukhanagar | 2 | 934800.00 |
| PCH/G/NCB-01/082/83 | procurement of Lab Reagent, chemical & X ray film ( close system) | Lumbini x ray suppliers, ramgram 3 parasi | 2 | 1292000.00 |
| PCH/G/NCB-01/082/83 | procurement of Lab Reagent, chemical & X ray film ( close system) | Everest surgichem pvt. ltd- devinagar butwal. | 33 | 2956685.00 |
| PCH/G/NCB-02/082/83 | procurement of Lab Reagent, chemical For hospital | Aahana suppliers pvt.ltd.- new baneswor | 22 | 370378.00 |
| PCH/G/NCB-02/082/83 | procurement of Lab Reagent, chemical For hospital | Everest surgichem pvt. ltd- devinagar butwal. | 51 | 348716.00 |
| PCH/G/NCB-02/082/83 | procurement of Lab Reagent, chemical For hospital | Lumbini surgicame pvt. ltd.- maitripath butwal | 20 | 332647.00 |
| PCH/G/NCB-02/082/83 | procurement of Lab Reagent, chemical For hospital | Hayat medico Distributers - Butwal 8 Rupandehi | 3 | 7782.00 |

कार्यालय प्रमुख

---

## कावासोती नगरपालिका
### नगरकार्यपालिकाको कार्यालय
**गणडकी प्रदेश, नेपाल**
२०७३

## बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सुचना

प्रकाशित मिति २०८२/१०/२६

यस कार्यालयबाट प्रथम पटक प्रकाशित ठेक्का आह्वान सम्बन्धी सुचना उपर दर्ता हुन आएका बोलपत्र मध्येतपशिल बमोजिमको बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | कार्य विवरण | फर्म तथा कम्पनीको नाम | कबोल अंक (म.अ.क.समेत) | कैफियत |
|---|---|---|---|---|
| 09/KM/NCB/WORKS/2082/83 | River Training work at Kawasoti Ward No 1,4 and 5 | Paudel-Ghimire-Kalika j/V kawasoti-14 | २,३४,५७,१०१.६६ | |

**महेश पाण्डे**
**प्रमुख प्रशासकीय अधिकृत**

---

# Bardaghat Municipality
## Office of Municipal Executive
**Bardaghat, Nawalparasi (Ba. Su.West)**
**Lumbini Province, Nepal**

## Invitation for Bids (electronicbidding only)

First Date of Publication: 2082/10/26 B.S.(9thFeb 2026)

1. Bardaghat Municipality, Office of the Municipal Executive Invites electronic bids from duly eligible and qualified registered bidders for the procurement of following works.

| S. N. | Contract No. | Description of works | Bid validity period / Bid security validity | Estimated Amount Without VAT & Contingencies (NRs) | Bid Security Amount (NRs) | Bid Document Fee (NRs) |
|---|---|---|---|---|---|---|
| 1 | BAR/SQ/Works/27/082/083 | Construction of Truss in Basic Health Post Bardaghat Municipality Ward No. 4 | 45/75 days | 8,57,741.51 | 25,000 | 1,000 |

Submission and Opening:

| S.N. | Contract No. | Submission of Bid | | Opening of Bid | |
|---|---|---|---|---|---|
| | | Date | Time | Date | Time |
| 1 | BAR/SQ/Works/27/082/083 | 24thFeb 2026 | 12:00 PM | 24thFeb 2026 | 2:00 PM |

| Bank Name | Name of Office | Bid Document Purchase fee | Bid Security Deposit |
|---|---|---|---|
| NIC ASIA Bank Ltd. Bardaghat, Nawalparasi | Bardaghat Municipality, Office of the Municipal Executive | 0832050028211002 AntarikRajaswo | 8341498482524004 DharautiKhata |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Bardaghat Municipality, Bardaghat, Nawalparasi, Website: www.bardaghatmun.gov.np, PPMO website: www.bolpatra.gov.np/egp Email Id: bardaghatmunicipality@gmail.com , Tel: 078-580210, 078-580407. Please notice that amendments (if any) will be published in www.bolpatra.gov.np/egp

**Chief Executive Officer**

---

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी



**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**विद्यालयको खेलमैदानमा छाडा गाई–गोरूको बथान :**
बुटवल ११ प्रगतिनगरस्थित प्रगति माविको खेल मैदानमा जम्मा भएका छाडा गाई गोरुको बथान। बुटवलमा छाडा गाई गोरुको उचित व्यवस्थापन हुन नसक्दा र विद्यालयले कम्पाउण्ड वाल निर्माण गरिनसकेकाले खेल मैदानमा केही दिनदेखि दिनहुँ जसो गाई-गोरु आएर बस्ने गरेका छन्। ठूलो संख्यामा छाडा गाई गोरू खेल मैदानमा आएर बस्दा मैदान फोहोर हुनुका साथै अन्य जोखिम समेत निम्तिएको छ। तस्विर : लुम्बिनी

# पीएम कप छनोट क्रिकेटमा रूपन्देही च्याम्पियन



भैरहवा । रुपन्देही जिल्ला क्रिकेट टिम प्रधानमन्त्री कप एक्स्ट्रिम इनर्जी ड्रिंक लुम्बिनी प्रदेशस्तरीय पुरुष एक दिवसीय क्रिकेट छनोट प्रतियोगिताको च्याम्पियन बनेको छ।

उसले फाइनलमा बाँके जिल्ला क्रिकेट टिमलाई १ सय ९९ रनको फराकिलो अन्तरले पराजित गर्दै छनोट खेल च्याम्पियन बनेको हो। छनोट खेलको विजेता र उपविजेता टिमले ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरे।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको रुपन्देहीले निर्धारित ३० ओभरमा ४ विकेट गुमाएर २ सय ६३ रनको बलियो योगफल बनायो। उसका लागि देब खनालले १ सय ३७ रनको शतकीय पारी खेले।

यस्तै, प्रज्ज्वल थापाले ७४ रन जोड्दा अकाश त्रिपाठीले १४ र सन्दीप राजलीले १० रन बनाए। बलिङमा बाँकेका लभकुश यादव, अजय शाहनी र गौतम कनौजियाले समान १-१ विकेट लिए।

जवाफी ब्याटिङमा आएको बाँके १६ ओभर ३ बलमा अलआउट हुँदै ६४ रनमै समेटियो। उसलाई सस्तैमा रोक्न बलिङमा रुपन्देहीका सन्देश थापाले ४, अजयकुमार चौहानले ३, रमेश कुर्मीले २ तथा कृष्ण कार्कीले १ विकेट हात पारे। बाँकेका रोहन केसीले १२ र युवराज शर्माले ११ रन बनाउनु बाहेक अन्य खेलाडीले दोहोरो अंकमा रन बटुल्न सकेनन्।

फाइनल खेलमा रुपन्देहीका देव खनाल प्लेयर अफ द म्याच भए। छनोट खेलमा उत्कृष्ट प्रदर्शन गरेका देव म्यान अफ द सिरिज समेत भई ११ हजार १ सय ११ र रुपैयाँ प्राप्त गरे।

लुम्बिनी प्रदेश क्रिकेट संघको आयोजनामा सम्पन्न छनोट खेलमा सात जिल्लाका टीम सहभागी थिए।

प्रतियोगिताको टाइटल स्पोन्सरमा एक्स्ट्रिम इनर्जी ड्रिंक उत्पादक कम्पनी एग्रो थाई फूड्स थियो भने प्रायोजकमा एक्स्पर्ट एजुकेसन एण्ड भिजा सर्भिस, बुटवल, ग्रुप ४ प्रोडक्ट प्रालि, काठमाडौं र ग्रुप ४ सेक्युरिटी सर्भिस प्रालि, काठमाडौं रहेको खेल संयोजक प्रथम पराजुलीले बताए। यस वर्षको प्रधानमन्त्री कप चैत्रमा आयोजना गर्ने गरी क्यानले तयारी गरिरहेको छ।

विजेता र उप-विजेता खेलाडीहरुलाई लुम्बिनी प्रदेशका खेलकुद मन्त्री सन्तोषकुमार पाण्डेय, लुम्बिनी प्रदेश क्रिकेट संघका कार्यबाहक अध्यक्ष विनय राजभण्डारी, क्यानका पूर्व कार्यबाहक सचिव प्रशान्त विक्रम मल्ल, खेल संयोजक प्रथम पराजुलीलगायतले पुरस्कार वितरण गरेका थिए।

# अण्डाको मूल्यमा भारी गिरावट



चितवन । अण्डाको मूल्यमा भारी गिरावट आएको छ । नेपाल लेयर्स कुखुरापालक सङ्घले सोमबारदेखि लागू हुने गरी नयाँ मूल्य घटाइएको जनाएको छ । नेपालमा उत्पादन बढेको र यही समयमा भारतबाट पनि अण्डा नेपाल भित्रिएपछि मूल्यमा गिरावट आएको सङ्घका अध्यक्ष विनोद पोखरेलले जानकारी दिए।

अब समर्थन मूल्यअनुसार ठूलो अण्डा प्रतिक्रेट (३० वटाको) रु ३७५ र मिडियम रु ३३५ कायम गरिएको छ । यसअघि माघ २२ गते ठूलो अण्डा प्रतिक्रेट रु ४३५ र मिडियम रु ४०५ रहेको थियो। माघ ११ गते ठूलो अण्डा रु ४९५ र मिडियम रु ४७५ पुगेको थियो।

गत मङ्सिरमा अण्डाको मूल्य हालसम्मकै उच्च भएको थियो। तत्कालीन समयमा फार्ममा ठूलो अण्डा रु ५६५ प्रतिक्रेटमा बिक्री भएको थियो। मझौलाको रु ५५० थियो। सङ्घका अध्यक्ष पोखरेलका अनुसार भारतीय सेतो अण्डा धेरै भित्रिएको र उत्पादन बढेका कारण यहाँको अण्डाले बजार र मूल्य पाउन नसकेको हो। भारतीय अण्डा रोक्न सङ्घले सरकारी निकायसँग निरन्तर रूपमा माग गरिरहेको उनले जानकारी दिए।

अण्डाको उत्पादन लागत मूल्य प्रतिगोटा १९ रुपैयाँ १२ पैसा पर्न आउँछ। यस आधारमा लागत मूल्य प्रतिक्रेट पाँच सय ७४ रुपैयाँ छ पैसा पर्न आउँछ। लागत मूल्य नजिक पुगेको अवस्थामा पुनः अण्डाको मूल्य घटेपछि किसान निरास बनेका बनेका छन्।

सङ्घले देशभरका फर्मबाट मूल्य लिएर चितवनलाई आधार मानेर अण्डाको समर्थन मूल्य जारी गर्ने गर्दछ।

# कांग्रेसले ल्यायो मेरो 'फागुन २१ लाई मेरो २१ दिन' अभियान



बुटवल । नेपाली कांग्रेसले जिम्मेवारी दिएर तोकिएका बाहेक सबै नेता कार्यकर्तालाई आफ्नो क्षेत्रमा क्रियाशील गराउने निर्णय गरेको छ। 'फागुन २१ का लागि मेरो २१ दिन' भन्ने प्रतिबद्धतासहित सम्बन्धित क्षेत्रमा खटाउने निर्णय गरेको हो।

आइतबार बिहान भएको कार्यसम्पादन समितिको भर्चुअल बैठकले 'नेपाली कांग्रेस निर्वाचन परिचालन निर्देशिका' अनुसार केन्द्र, प्रदेश, जिल्ला र क्षेत्रमा जिम्मेवारी दिएकालाई कार्य सकेर आफ्नो क्षेत्रमा फर्कन निर्देशन दिइएको छ। 'जसको पदीय जिम्मेवारी जहाँ / उसले खट्ने त्यहाँ' नीति अन्तर्गत पार्टीका सबै साथीहरू चुनाव मैदानमा खट्न कांग्रेसले जानकारी गराएको छ।

एउटा वडाको क्रियाशील सदस्य अर्को वडामा अर्को क्षेत्रको वडामा गई क्रियाशील नहुन पार्टी पङ्तिमा अनुरोध गर्ने निर्णय गरिएको छ। भ्रातृ र शुभेच्छुक संस्थामा रहेका नेता कार्यकर्तालाई पनि आफ्नो क्षेत्रमा क्रियाशील हुन भनिएको छ।

# आचारसंहिताविपरीतका क्रियाकलाप नगर्न निर्देशन

बुटवल। त्रिभुवन विश्वविद्यालयले निर्वाचन आचारसंहिता विपरीतका क्रियाकलाप नगर्न शिक्षक तथा कर्मचारीलाई निर्देशन दिएको छ।

आइतबार त्रिवि रजिस्ट्रारको कार्यालयले मातहतका निकायलाई निर्देशन जारी गर्दै निर्वाचन आचारसंहिता पालना गर्न भनिएको छ। रजिस्ट्रारको कार्यालयका प्रमुख कृष्णहरि आचार्यले गरेको परिपत्रमा भनिएको छ-'त्रिभुवन विश्वविद्यालयका सम्पूर्ण शिक्षक एवं कर्मचारीज्यूहरू समेतले निर्वाचन आचारसंहिता, २०८२ को विपरीत हुने गरी कुनै पनि कार्य नगर्न/नगराउनु हुन निर्देशानुसार अनुरोध गर्दछु।'

आगामी फागुन २१ हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि निर्वाचन आयोगले माघ ४ गतेदेखि निर्वाचन आचारसंहिता लागू गरेको छ।

आचारसंहितामा शिक्षण संस्थाका शिक्षक एवं कर्मचारीले कुनै पनि उम्मेदवारको पक्ष प्रचारप्रसार गर्न नहुनेलगायतका व्यवस्था गरिएको छ।

# व्यापार संघ सेमलारको साधारणसभा सम्पन्न




बुटवल । रुपन्देही व्यापार संघ सेमलार शाखाको १३औं वार्षिक साधारणसभा शनिबार सम्पन्न भएको छ। बुटवल उप-महानगरपालिका वडा नं. १५, मधैया नमूना टोल जेष्ठ नागरिक भवनमा उक्त साधारणसभासभा सम्पन्न भएको हो।

कार्यक्रममा प्रमुख अतिथि रुपन्देही व्यापार संघका अध्यक्ष प्रकाश ढकालले संघले आगामी दिनहरुमा जिल्लाका अन्य ठाउँहरुमा पनि शाखा विस्तार गर्दै जाने बताए। संघको कार्य क्षेत्र रुपन्देही जिल्लाभरि रहेको भन्दै उनले जिल्लाको विभिन्न ठाउँहरुमा शाखा विस्तार गरी सम्बन्धित ठाउँका व्यापारीहरुलाई परेका समस्याहरुको पहिचान गर्दै सबै व्यापारीहरुको मूल संस्थाको रुपमा संघलाई स्थापित गरिने जनाए। कार्यक्रममा बुटवल वडा नं. १५का निर्वतमान वडा अध्यक्ष डम्बर भण्डारी, बुटवल वडानं. १५का वडा सदस्य कुलप्रसाद लम्साल, संघका महासचिव प्रकाशराज पौडेल, कार्यसमिति सदस्य प्रेमनाथ पाण्डे, देवी शर्मा चपाईं, मनिराम खनाल (मणि), टेकराज पन्थी, संघका सल्लाहकार नगेन्द्र आचार्य, पूर्व शाखा अध्यक्ष फणिराज उपाध्याय, पूर्णप्रसाद काफ्लेलगायतले शुभकामना व्यक्त गरेका थिए।

कार्यक्रममा शाखा अध्यक्ष तुल्सीराम उपाध्यायले वार्षिक प्रतिवेदन तथा कोषाध्यक्ष डिला कणेलले आर्थिक प्रतिवेदन प्रस्तुत गरी पारित गरिएको थियो। कार्यक्रम शाखा अध्यक्ष तुल्सीराम उपाध्यायको अध्यक्षता, उपाध्यक्ष प्रेमप्रसाद पौडेलको स्वागत तथा कोषाध्यक्ष डिला कडेलेको सञ्चालनमा सम्पन्न भएको थियो।

हाल संघको सेमलार शाखाअन्तर्गत बुटवल १५ र १६ का २०० जना व्यवसायीहरु आबद्ध रहेका छन्।

# नरेठाँटी स्वास्थ्यचौकी गण्डकी प्रदेशकै प्रथम



गलकोट (बागलुङ) । गण्डकी प्रदेशमा नै सर्वाधिक अङ्क प्राप्त गरी बागलुङको गलकोटस्थित नरेठाटी स्वास्थ्यचौकी उत्कृष्ट बनेको छ।

न्यूनतम स्वास्थ्य मापदण्ड मूल्याङ्कनका आधारमा उक्त स्वास्थ्यचौकी उत्कृष्ट भएको हो।

नरेठाँटी स्वास्थ्यचौकीको न्यूनतम स्वास्थ्य मापदण्ड मूल्याङ्कनमा ९८ प्रतिशत अङ्क प्राप्त गरेरे उत्कृष्ट बनेको हो।

मूल्याङ्कनमा नरेठाँटी स्वास्थ्यचौकीले विभिन्न स्वास्थ्य सूचकका आधारमा सो अङ्क प्राप्त गर्न सफल भएको प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङले जनाएको छ।

गत वर्ष पनि नरेठाँटी स्वास्थ्यचौकीले गण्डकी प्रदेशमै ९६ प्रतिशत अङ्क प्राप्त गर्दै पहिलो स्थान हासिल गरेको थियो।

यस वर्ष हालसम्म सम्पन्न भएका मूल्याङ्कनमा ९८ प्रतिशत अङ्कसहित नरेठाँटी स्वास्थ्यचौकी प्रदेशकै पहिलो स्थानमा रहेको प्रदेश जनस्वास्थ्य कार्यालयका क्षयकुष्ठ रोग निरीक्षक देवप्रकाश घिमिरेले बताए।

स्वास्थ्य चौकीमा कार्यरत स्वास्थ्यकर्मीहरूको मेहनत र लगावका कारण प्रदेशमै उत्कृष्ट बनेको घिमिरेले जानकारी दिए।

घिमिरेका अनुसार भौतिक पूर्वाधारजस्तै भवनको अवस्था, पानी-बिजुली, शौचालय, प्रतीक्षालय, सेवा कक्ष, अपाङ्गमैत्री पहुँच, फोहर व्यवस्थापन, कर्मचारी, तालिम र त्यसले दिने सेवा प्रवाहको अवस्थाका आधारमा मूल्याङ्कन हुँदै आएको छ।

फोहर व्यवस्थापनमा मानव संशाधन, स्वीकृत दरबन्दीअनुसार कर्मचारी, उपस्थिति, तालिमप्राप्त जनशक्ति, जिम्मेवारी बाँडफाँट, ओपिडी, मातृशिशु सेवा, खोप, परिवार योजना, पोषण, क्षयरोग/कुष्ठरोग सेवा, आकस्मिक प्राथमिक उपचार, औषधि तथा उपकरण, आवश्यक औषधिको उपलब्धतालगायतले नरेठाँटी उत्कृष्ट रहेको गलकोट-२ का वडाध्यक्ष हेमन्त भण्डारीले जानकारी दिए।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको
लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध
सुन चाँदीबाट बनेका गर-गहनाको
एकमात्र विश्वासिलो पसल
विगत १५ वर्षदेखि
तपाईंको सेवामा समर्पित
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै
खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com